नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
फोन नं.: ०१-५३६२३६९
०१-५९१२९७१
इमेल: info@dftqc.gov.np
वेभपेज: www.dftqc.gov.np
बबरमहल, काठमाडौं।

पत्र संख्या:-
च. नं.:-
प्राप्त पत्र संख्या र मिति:-

मिति: २०८३/०६/३०

मिठाई तयार गरी बिक्री वितरण गर्ने मिठाई व्यवसायीहरुलाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सूचना!

उपभोक्ताको स्वास्थ्य सुरक्षा तथा हित संरक्षणका लागि उपभोक्ताले उपभोग गर्ने मिठाई लगायतका खाद्य पदार्थको बारेमा सुसूचित गराउन विभिन्न किसिमका मिठाई तयार गरी बिक्री वितरण गर्ने मिठाई व्यवसायीहरुले आफुले उत्पादन गरेको मिठाई कुन कुन मुख्य कच्चा पदार्थ सम्मिश्रण गरी बनाएको, कुन तेल वा घिउमा तयार गरिएको, कुन मितिसम्म उपभोग गरीसक्नु पर्ने र कति मूल्य पर्ने हो सो विवरणहरु मिठाई राख्ने सोकेस वा काउन्टरमा सबै ग्राहकले देख्ने गरी मिति २०८३/०७/११ गते देखी राखका लागि होटल, मिठाई पसल, मिठाई भण्डार लगायतका मिठाई व्यवसायीहरुलाई जानकारी गराईन्छ। अन्यथा, खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

साथै, यस विभाग वा मातहत कार्यालयबाट आफ्नो व्यवसायको खाद्य स्वच्छताको आधारमा स्तरीकरण गराई "खाद्य स्वच्छता लोगो" लिएर व्यवसाय सञ्चालन गर्न जानकारी गराईन्छ।

माथि उल्लेखित विवरण राख्ने ढाँचाको नमुना

मिठाईको नाम:
मुख्य सम्मिश्रण:
तेल/घिउको प्रकार (नाम):
उपभोग गरिसक्नु पर्ने मिति:
मूल्य (प्रति किलो):

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

CamScanner